# नेपालगंज उद्योग वाणिज्य संघमा सम्पन्न भएको विभिन्न गतिविधिहरु

१) मिति २०७२/४/१६ गते शनिबारका दिन नेपालगंज उद्योग वाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतमा बागमती सफाई आयोजनाका अभियन्ता श्री पशुपति न्यौपाने, प्रमुख जिल्ला अधिकारी श्री बेद प्रकाश लेखकज्यू लगायत बिभिन्न कार्यालय प्रमख समाजसेबी, पत्रकारको उपस्थितिमा बागमती सफाई आयोजनाको बारेमा सचेतना मुलुक बैठक सम्पन्न भयो ।

२) मिति २०७२/४/१८ सोमबारका दिन संघका का.बा. अध्यक्ष श्री अब्दुल वाहिद मन्सुरीज्यूको अध्यक्षतामा कृषि विकास मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ अर्न्तगत कृषि उद्यम केन्द्र एंव किसानका लागी उन्नत बिउ विजन कार्यक्रमको सहकार्यमा आयोजित बिउ बिजनको बजारीकरण सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भयो ।



३) मिति २०७२/४/२९ नेपाल उद्योग बाणिज्य महासंघका नबनिर्बाचित बरिष्ठ उपाध्यक्ष श्रीमति भवानी राणाज्यूलाई स्वागत एंब भेटघाट कार्यक्रम सम्पन्न भयो ।



४) मिति २०७२/५/२५ गते शुक्रबारका दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजना अन्तर्गत कृषकहरुको आयस्तर बृद्धि गर्न कृषि क्षेत्रमा अनुदान उपलब्ध गराउने सम्बन्धि बैठक सम्पन्न भयो ।



५) मिति २०७२/५/३१ गते बिहिबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बैठकले २०७२ असोज ३ गते जारी हुन गई रहेको संबिधानलाई स्वागत गर्दै प्रेस बिज्ञप्ती जारी गर्ने, प्रत्येक सदस्यले आ-आफ्नो फर्म प्रतिष्ठानमा दिपावली गर्दै खुशियाली स्वरुप एक दिन उद्योग प्रतिष्ठानमा विदा गर्ने निर्णय भयो ।

६) मिति २०७२/६/५ गते मंगलबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा सशस्त्र हिंसा न्यूनिकरण तथा सामुदायिक सुरक्षा सबलिकरण परियोजना ( यूएनडिपी) को सह कार्यमा नेपालगंज बजारको मूख्य मूख्य चौकहरुमा सि.सी. क्यामरा जडान गर्न आवश्यक कार्ययोजना बनाई कार्यान्यवन गर्ने निर्णय भयो ।



७) मिति २०७२/६/१४ गते बिहिबारका दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बाँके जिल्लामा आउनु भएका नब आगन्तुक कार्यालय प्रमुखज्यूहरु शसस्त्र प्रहरी बल बागेश्वरीका श्री सुदर्शन प्रसाद सिलवाल, दंगा नियन्त्रण प्रहरी गणका श्री अजय भट्टराई, औद्योगिक सुरक्षा गणका श्री चन्द्र प्रसाद भट्ट, त्रिपुरा गण, कोहलपुरका राजु अधिकारी राष्ट्रिय अनुसन्धान बाँकेका श्री टेकेन्द्र कार्की, राजश्व अनुसन्धान कोहलपुरका शिव प्रसाद भण्डारीज्यूसँग भेटघाट, परिचय एवं स्वागत कार्यक्रम सम्पन्न भयो ।



८) मिति २०७२/६/१४ गते बिहिबारका दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षता तथा रुपैडिया व्यापार मण्डलका अध्यक्ष बिजय मित्तलज्यूको बिशेष अतिथ्यतामा बैठक बसी नेपाल भारत सीमावर्ती क्षेत्रमा बसोबास गर्ने उद्योगी, व्यवसयी, पत्रकार, मानव अधिकारकर्मी नागरिक समाजको अगुवाइमा दुई देश बीच राजनैतिक नेतृत्व तहमा हाल उत्पन्न



बिभिन्न समस्यालाई जनस्तरबाट पहलकदमी गराई अपसी सदभाब र भाईचारा सम्बन्धलाई कायम राख्ने बिषयमा गहन छलफल गरि आ-आफ्नो स्थानबाट प्रयत्नशिल रहने निणर्य भयो ।

९) मिति २०७२/६/१६ गते बिहिबारका दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षता तथा रुपैडिया व्यापार मण्डलका अध्यक्ष बिजय मित्तलज्यूको बिशेष अतिथ्यतामा पुन: बैठक बसी विगत कार्यको समिक्षाका साथै दुई देश बीच राजनैतिक नेतृत्व तहमा हाल उत्पन्न बिभिन्न समस्यलाई जनस्तरबाट पहलकर्मी लीई अपसी सदभाब र भाईचारा सम्बन्धलाई कायम राख्ने बिषयमा गहन छलफल गरि आ-आफ्नो स्थानबाट थप प्रयत्नशिल रहने निणर्य भयो ।



१०) मिति २०७२/६/२५ गते मंगलबारको दिन नेपालगंज उद्योग बाणिज्य संघको अध्यक्षत श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बैठक बसी सशस्त्र हिंसा न्यूनिकरण तथा सामुदायिक सुरक्षा सबलिकरण परियोजना
(यूएनडिपी) को सहकार्यमा नेपालगंज बजारको मूख्य मूख्य चौकहरुमा सि.सी. क्यामरा जडानका लागी अवश्यक उपकरणको लागत खर्च तथा दैनिक भईपरि आउने मर्मत संभार र संचालन खर्चको व्यवस्थापन बारे छलफल कार्यक्रम सम्पन्न भयो ।



११) मिति २०७२/७/१६ गते सोमबारका दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठ एवं संघका कार्य समिति सदस्य तथा दैबिक प्रकोप उद्धार समितिका संयोजक श्री हरिशचन्द्र श्रेष्ठको सयुक्त उपस्थितीमा मिति २०७२ जेष्ठ २८ गते नेपालगंज वडा नं. २ धम्बोझी चोक स्थिति यस संघका सदस्य फर्म शिब शक्ति बिजुली भण्डारमा आगलागी भई क्षति भएकोले संघको नियम

अनुसार उक्त फर्मका प्रोपाइटर श्रीमति मायादेबि अधिकारीलाई राहत स्वरुप रु. ३०,०००/-(अक्षरेपी तिस हजार मात्र ) हस्तान्तरण गरियो ।



१२) मिति २०७२/७/१९ गते बिहिबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बैठकले सशस्त्र हिंसा न्यूनिकरण तथा सामुदायिक सुरक्षा सबलिकरण परियोजना (यूएनडिपी) को सहकार्यमा नेपालगंज बजारको मूख्य मूख्य चौकहरुमा सि.सी. क्यामरा जडान कार्य सम्पन्न गर्न कार्य सम्पादन समिति गठन गरियो ।



१३) मिति २०७२/८/६ गते आइतबारका दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतमा बैठक बसी 'एक गाँउ एक उत्पादन तथा एक जिल्ला एक उत्पादन कार्यक्रम आ.ब. २०७१/०७२ मा भए तथा गरेका कार्यहरुको समिक्षा बैठक सम्पन्न भयो ।



१४) मिति २०७२/८/८ गते मंगलबारका दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बैठक बसी कार्य समिति सदस्य/प्रबक्ता एबं प्रचार प्रसार व्यवस्थापन समितीका संयोजक श्री संजय थापाज्यूको संयोजकत्वमा त्रैमसिक बुलेटिन 'अर्थ समबृद्धि' लाई पूर्ण रुप दिनका लागी छलफल कार्यक्रम सम्पन्न गरियो ।

१५) मिति २०७२/८/९ गते बुधबारका दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा E-PAYMENT सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

१६) मिति २०७२/८/११ गते शुक्रबार नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा देशमा पेट्रोलियम अभावका कारण सृजना भएको बाताबरण लाई सहज बनाउन का लागी छलफल कार्यक्रम सम्पन्न गरियो ।

१७) मिति २०७२/८/१५गते मंगलबारका दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बैठक बसी नगरका विभिन्न स्थानहरुमा जडान गरेको सि.सी. क्यामराको प्रभावकारीता र अनुगमन बारे छलफल कार्यक्रम सम्पन्न भयो ।



१८) मिति २०७२/८/२० आइतबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा उद्योग मन्त्री माननिय सोम प्रसाद पाण्डेज्यूलाई संघमा स्वागत् तथा वर्तमान अवस्थामा उद्योगी, व्यवसायीले भोगि रहेका समसामयिक समस्याबारे अर्न्तक्रियत्मक कार्यक्रम सम्पन्न भयो ।



१९) मिति २०७२/८/२२ आइतबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा उद्योगी तथा व्यवसायीले भोगि रहेका समसामहिक समस्या एवं नाका बन्दी बाट भएको असर बारे भारतिय राजदुताबासका प्रथम सचिब श्री आशिष सिन्हाज्यू सँग छलफल कार्यक्रम सम्पन्न भयो ।



२०) मिति २०७२/८/२२ आइतबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा उद्योगी तथा व्यवसायीहरुले भोगि रहेका समसामयिक समस्या एवं नाका बन्दीबाट उद्योग व्यवसाय र आम उपभोक्तहरुमा परेको असर बारे बेलायती राजदुताबासका मिसन सहायक प्रमुख एवं डेपुटि राजदुत MADAM ALISON MCEWEN ज्यू संग भेटघाट एवं छलफल कार्यक्रम सम्पन्न भयो ।



२१) मिति २०७२/९/३ मंगलबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षता एवं बुटवल उद्योग बाणिज्य संघको आयोजनामा "उर्जा दक्षता तथा उद्योगबाट हुने बिद्युत चुहावट तथा न्यूनिकारण" विषयमा एक दिवशिय छलफल कार्यक्रम सम्पन्न भयो ।




२२) मिति २०७२/९/१३ सोमबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा उद्योगी तथा व्यवसायीले भोगि रहेका समसामयिक समस्या एवं नाकाबन्दीबाट भएको असर बारे अमेरिकन राजदुताबासका वरिष्ठ अर्थ बिशेषज्ञ तपस गुप्ताज्यू एवं अर्थ बिशेषज्ञ केबिन प्राइसज्यू सँग भेटघाट एवं छलफल कार्यक्रम सम्पन्न गरियो ।



२३) मिति २०७२/९/२८ मंगलबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद



श्रेष्ठज्यूको अध्यक्षतामा एवं बिभिन्न सरोकारवाला सरकारी, गैर सरकारी कार्यालयका प्रमुखज्यूहरुसँग माघ २१ गते देखि फागुन ३ गते सम्म हुन गई रहेको मध्यपश्चिमाञ्चल क्षेत्रिय महोत्सव २०७२ बारे जानकारी, सल्लाह सुझाव एवं सहयोगको लागी भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न भयो ।



२४) मिति २०७२/९/३० गते बिहिबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा माघ २१ गते देखि फागुन ३ गते सम्म हुन गई रहेको मध्यपश्चिमाञ्चल क्षेत्रिय महोत्सव २०७२ बारे जानकारीमुलक प्रस्तावना सर्वजानिक एवं पत्रकार सम्मेलन कार्यक्रम सम्पन्न भयो ।

२५) मिति २०७२/१०/२ गते शनिबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका का.बा. अध्यक्ष्य श्री सन्तोष कुमार कनोडियाज्यूको अध्यक्षतामा माननिय आपूर्ति मन्त्रि गणेशमान पुनज्यू संग स्वागत एव भेटघाट कार्यक्रम सम्पन्न भयो ।

२६) मिति २०७२/१०/४ मंगलबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका का.बा.अध्यक्ष श्री अब्दुल वाहिद मन्सुरीज्यूको अध्यक्षतामा इनर्जी इफिसिएन्सी अडिट सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भयो ।

२७) मिति २०७२/१०/१४ बिहिबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा सम्पत्ति शुद्धिकरण तथा आतंकबादी क्रियाकलापमा बित्तिय लागनी निबारण बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

२८) मिति २०७२/१०/१५ गते शुक्रबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा माघ २१ गते देखि फागुन ३ गते सम्म हुन गई रहेको मध्यपश्चिमाञ्चल क्षेत्रिय महोत्सव २०७२ बारे विभिन्न राजनितिक दलका जिल्ला नेतृत्वहरुको उपस्थितीमा सर्वदलिय बैठक बसी आवश्यक सल्लाह सुझाव र सहयोगको लागि छलफल कार्यक्रम सम्पन्न भयो ।

२९) मध्यपश्चिमाञ्चल क्षेत्रिय महोत्सव २०७२ को तयारीको शिलशिलामा विभिन्न मितिमा निम्न बमोजिम गतिविधिहरु सम्पन्न गरिएको थियो ।

क) पहिलो चरणमा महोत्सव गर्ने निर्णय भए पछि त्यस बारे जानकारीका लागि सरोकारवाला निकाय र प्रतिष्ठानहरुलाई सहयोग र जानकारीका लागि पत्राचार गरियो ।

ख) विभिन्न राजनैतिक दलका जिल्ला नेतृत्वहरुको संयूक्त बैठक आयोजना गरि महोत्सवमा जनसहभागिता जुटाई दिन र आ-आफ्नो पार्टीको सहयोगहरुबाट गाउँ शहर सम्म प्रचार प्रसार गर्नुका साथै महोत्सव अवधी भर कुनै पनि बन्द हडताल नगर्ने नगराउने प्रतिवद्धता गराईयो ।

ग) विभिन्न प्रतिष्ठीत उद्योगपति व्यवसायीहरु बीच संयूक्त बैठक गरि सल्लाह सुझाव लिईयो ।

घ) संघमा आवद्ध बस्तुगत सदस्य संस्थाहरुसँग दुईपक्षीय र बहुपक्षीय भेला, बैठक गरि महोत्सवलाई भव्य सफल पार्ने बारे छलफल गरियो ।

ङ) बाँके जिल्लामा क्रियाशिल रहेका अन्य समानान्तर व्यवसायीक संघ/संस्थाहरु बिच संयूक्त बैठक आहवान गरि महोत्सवमा सहयोग र सहभागिताका लागि आग्रह गरियो ।

च) मध्य तथा सुदुरपश्चिम क्षेत्रका सम्पूर्ण उद्योगी, व्यवसायीहरुलाई स्थानिय उद्योग वाणिज्य संघ मार्फत स्टल र साँस्कृति सहभागिताका लागि पत्राचार एवं जन सम्पर्क गरियो ।

छ) विभिन्न पेशागत, शैक्षिक संस्थाहरु, प्यावसन, एनप्यावसन, हिसान, शिक्षक संगठन, शिक्षक संघ, शिक्षक यूनियन र विद्यालय र क्याम्पस प्रमुखहरुसँग संयूक्त बैठक गरि महोत्सवको प्रचार र र्‍यालीमा सहभागिताका लागि आग्रह गरियो ।

ज) विभिन्न जातिय, धार्मिक, सामाजिक, साँस्कृतिक संघ संस्थाहरुसँग संयूक्त बैठक गरि साँस्कृतिक सहभागिता, स्टल सहभागिता र झाँकी, र्‍यालीमा सहभागिताका लागि आग्रह गरियो ।

झ) महोत्सव सम्बन्धी जानकारी मुलक प्रस्तावना पत्र तयार गरि नेपालगंजमा एक पत्रकार सम्मेलनको आयोजना गरेर सार्वजनिक गरियो ।

ञ) छिमेकी राष्ट्र भारतका संचारकर्मीहरुलाई संघमा आमन्त्रण गरि भारतिय उद्यमी, व्यसायी र उपभोक्ताहरु माझ महोत्सवको सम्बन्धमा समाचार संप्रेषण एवं प्रचारका लागि आग्रह गरियो ।

ट) स्थानिय निकायहरु जि.वि.स. बाँके, नेपालगंज उपमहानगरपालिकाका प्रमुख, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख ट्राफिक प्रहरी प्रमुख लगायतको संयूक्त बैठक राखी महोत्सवको सुरक्षा व्यवस्था बारे छलफल र योजना निर्माण गरियो ।

ठ) बाँके जिल्लामा क्रियाशिल १२ वटा यातायात व्यवसायी संस्थाका पदाधिकारी र ट्राफिक प्रहरी प्रमुखहरु बीच संयूक्त बैठक राखी महोत्सव स्थलबाट सवारी साधान गाँउ गाँउ सम्म संचालन, थप सवारी साधनको व्यवस्था र ट्राफिक व्यवस्थापन बारे छलफल र योजना निर्माण गरियो ।

ड) महोत्सवका लागि प्रायोजकहरुको खोजी एवं अन्य सरकारी निकायसँग सम्झौता र सहकार्यका लागि संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठको नेतृत्वमा एक प्रतिनिधि मडल काठमाण्डौं प्रस्थान गरियो र महासंघको सभाकक्षमा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री दिनेश श्रेष्ठज्यू र अन्य पदाधिकारीज्यूहरुको उपस्थितिमा पत्रकार सम्मेलनको आयोजना गरि महोत्सव बारे जानकारी गराईयो ।

ढ) माननीय मन्त्री, सभासदहरु लगायत अन्य विशिष्ट महानुभावहरु रहनु भएको ४१ सदस्यीय सल्लाहकार समितिको बैठक राखी सल्लाह सुझाव लिइयो ।

ण) महोत्सवलाई उद्यमी, व्यवसायीको मात्र नभएर समग्र बाँके जिल्ला वासी र मध्यपश्चिम क्षेत्रका जनताको साझा गौरवको रुपमा स्थापित गर्न अवलम्बन गर्नु पर्ने सम्पूर्ण उपायहरुलाई अपनाईयो ।

त) महोत्सव सम्पन्न गर्न २२ वटा विभिन्न समितिहरु संघका कर्मचारीहरु, म्यादी कर्मचारीहरु समेत भर्ना गरी परिचालन गरियो ।

३०) मिति २०७२/१०/२५ गते सोमबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बाणिज्य मन्त्रायलका सचिव श्री डईन्द्र प्रसाद

उपाध्यायज्यूको प्रमुख आतिथ्यतामा नेपाल, भारत व्यापार प्रर्बद्धन बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।



३१) मिति २०७२/१०/२६गते मंगलबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा अमेरिकन राजदुताबासका महामहिम एलिना वी. टेपलिज लगायतको टोलीसँग समसायिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।




३२) मिति २०७२/११/६ गते बिहिबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका का.बा.अध्यक्ष श्री अब्दुल वाहिद मन्सुरीज्यूको अध्यक्षतामा ६६औं राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा भेरी अंचल अस्पतासका बिरामीहरुलाई फलफूल बितरण गरियो ।

३३) मिति २०७२/११/१३ गते बिहिबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा भेरि मिटसप एण्ड कोल्ड स्टोर प्रा.लि.लाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गर्न रोक लगाएको सम्बन्धमा सरोकारवालासँग छलफल कार्यक्रम सम्पन्न गरियो ।



३४) मिति २०७२/११/१९ गते बुधबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा जि.आई.जेड.का पदाधिकारीज्यूहरुसँग भावि योजना सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न गरियो ।



३५) मिति २०७२/११/२३ गते आईतबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बाँके जिल्लामा पाल्नु भएका नव-आगन्तुक सरकारी कार्यालयका प्रमुखज्यूहरुलाई स्वागत तथा भेटघाट कार्यक्रम सम्पन्न गरियो ।

३६) मिति २०७२/१२/०१ गते सोमबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा नेपालगञ्ज नगर क्षेत्रमा सवारी दुर्घटना न्यूनिकरण तथा ट्राफिक व्यवस्थापन सम्बन्धी आवश्यक छलफल कार्यक्रम सम्पन्न गरियो ।



३७) मिति २०७२/१२/८ गते सोमबारका दिन दमक उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमण टोलीलाई संघमा स्वागत् एवं दुई संघहरु बीच अनुभवको आदान प्रदान कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमको अध्यक्षता नेपालगंज उद्योग वाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूले गर्नु भएको थियो भने संघका कार्य समिति सदस्यहरु, सल्लाहकारज्यूहरुको पनि कार्यक्रममा सहभागिता रहेको थियो ।



३८) मिति २०७२/१२/१६ गते मंगलबारका दिन नेपालगंज उद्योग वाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बाँके जिल्लामा पाल्नु भएका नव-आगन्तुक प्रमुख जिल्ला अधिकारी श्री रविलाल पन्थज्यूसँग भेटघाट तथा स्वागत् कार्यक्रम सम्पन्न भयो ।



३९) मिति २०७२/१२/१६ गते मंगलबारका दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठ एवं संघका कार्य समिति सदस्यज्यूहरुले आकस्मिक राहत कोषबाट मिति २०७२ कात्तिक १५ गते नेपालगंज वडा नं. १६ वि.पि. चौक स्थिति यस संघका सदस्य फर्म शिखर फर्निचर उद्योगमा आगलागी भई क्षति भएकोले संघको नियम अनुसार उक्त फर्मका प्रोपाइटर श्री रहिस अहमद सिद्धिकीलाई राहत स्वरुप रु. ३०,०००/-(अक्षरेपी तिस हजार मात्र ) हस्तान्तरण गरियो ।



४०) मिति २०७२/१२/२१ गते आईतबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा Income Tax, Account and VAT for SME Advance Training, नेपालगंज उद्योग वाणिज्य संघको आयोजना एवं आन्तरिक राजश्व विभाग, नेपाल उद्योग वाणिज्य महासंघ तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सहकार्य र जि.आई.जेड/रस संस्थाको सहयोगमा संघमा संचालन हुने तीन दिवशीय तालिमको उद्घाटन कार्यक्रम सम्पन्न भयो । उक्त तालिममा पचास लाख भन्दा बढी कारोबार गर्ने प्रतिष्ठानहरुका ३० जना प्रतिनिधिहरुलाई ADVace Traing उपलब्ध गराइएको थियो ।



४१) मिति २०७२/१२/२५ गते बिहिबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा बाँके जिल्ला भलिबल संघका अध्यक्ष एवं पदाधिकारीज्यूहरुसँग प्रधानमन्त्री महिला भलिवल कप प्रतियोगीता सम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरियो ।

४२) मिति २०७२/१२/२८ गते आइतबारका दिन नेपालगंज उद्योग वाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूले नेपाल उद्योग वाणिज्य महासंघको ५० औं वार्षिक साधारण सभाको अवसरमा सम्मानिनय प्रधानमन्त्री के.पी. ओलीज्यूलाई स्वागत् गर्नु भयो ।



४२) मिति २०७३/०१/०४ गते शनिबारको दिन नेपालगंज उद्योग बाणिज्य संघका अध्यक्ष श्री कृष्ण प्रसाद श्रेष्ठज्यूद्धारा नेपाल-भारत मैत्रिपूर्ण 'प्रधानमन्त्री कप' भलिबल प्रतियोगितामा मुख्य सह-आयोजकको भूमिकामा रहेर रु.५१,०००।- (अक्षरेपी : एकावयन हजार मात्र) बाँके जिल्ला भलिबल संघका अध्यक्ष तथा पदाधिकारीज्यूहरुलाई सहयोगार्थ स्वरुप चेक हस्तान्तरण गरियो ।